मुख्यमन्त्री

# सुदूरपश्चिम प्रदेश सरकार
धनगढी, कैलाली, नेपाल ।

## शुभकामना

५९ औं अन्तर्राष्ट्रिय जातीय विभेद तथा रंगभेद उन्मूलन दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदिबहिनी तथा दाजुभाइमा सुख,शान्ती,सुस्वास्थ्य र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सबै किसिमका जातिय भेदभाव उन्मूलन अन्तर्राष्ट्रिय महासन्धी १९६५ को पक्ष राष्ट्रको रुपमा नेपालले सन् १९७१ मा नै हस्ताक्षर गरी अनुमोदन गरिसकेको छ,नेपालको संविधानले सबै जातजाति,भाषाभाषी,धर्म,वर्ग,समुदायको हक अधिकार सुनिश्चित गर्दै समानुपातिक समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको यस मर्मलाई मात्मसात् गर्दै जातीय लगायतका हरेक किसिमका विभेदलाई दण्डनीय अपराधको रुपमा ब्याख्या गरी सजायको कानूनी व्यवस्था समेत गरिएको तरपनि समाजमा विद्यामान विभेदकारी पुरातन सोच,अशिक्षा, आर्थिक असमानता लगायत कारणले अनेकौ विभेद अझै कायम रहेको हुँदा संविधानको पूर्ण कार्यान्वयन गर्दै यसको अन्त्य अहिलेको अपरिहार्यता हो ।

सुदूरपश्चिम प्रदेश सरकारले मातहतका आफना सम्पुर्ण कार्यालयबाट यी र यस्ता विभेद अन्त्य गरी प्रदेशभरिका १० वर्षमुनिका बालबालिकाको नि:शुल्क उपचार,विपन्न गरिब वर्गका विद्यार्थीहरुलाई कानुन,चिकित्सा,व्यवस्थापन, विज्ञान,पशु तथा कृषि विज्ञानलगायतका कार्यक्रममार्फत मानवीय विकास गरी समतामूलक समाज निर्माणमा लागि परेको छ । समाजबाट हरेक किसिमका विभेद अन्त्यका लागि म प्रतिवद्ध भएर प्रदेश सरकारको कार्यक्रम अगाडि बढाइरहेकोले यसमा सबैलाई हातेमालो गरेर समानताको सिद्धान्तमा समतामूलक समाज निर्माणमा अधि बढ्न आह्वान गर्दछु ।

अन्तमा, ५९ औ अन्तर्राष्ट्रिय जातीय विभेद तथा रंगभेद उन्मूलन दिवसबाट रुढीवादी सोच,शैली,प्रथा र प्रचलनमा सकारात्मक परिवर्तनद्धारा जातीय लगायतका हरेक किसिमका भेदभावरहित समतामूलक,सभ्य, समुन्नत र समृद्ध प्रदेश र देश निर्माणमा अग्रसर हुन सबैलाई प्रेरणा मिलोस् भन्ने कामना गर्दछु ।

२०८० चैत्र ८ गते बिहिबार

कमल बहादुर शाह

मुख्यमन्त्री